त्रिभुवन विश्वविद्यालय
वन विज्ञान अध्ययन संस्थान
पोखरा क्याम्पसको

# अनुसन्धान कार्यविधि-२०७६
# (Research Procedure-2076)


वन विज्ञान अध्ययन संस्थान
पोखरा क्याम्पस
पोखरा-१५, हरियोखर्क, कास्की
गण्डकी प्रदेश
फोन: ०६१-४३०४६९
www.iofpc.edu.np

# वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसको अनुसन्धान कार्यविधि

प्रस्तावना

त्रिभुवन विश्वविद्यालय, वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पसद्वारा संस्थागत एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्राथमिकताका सवालहरुमा विविध अनुसन्धानात्मक तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरी शिक्षक, विद्यार्थी र कर्मचारीहरुको पेशागत ज्ञान, सीप र कार्यक्षमता अभिवृद्धि गर्न वाञ्छनीय भएकाले त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५० (२०७३/०९/२० सम्मको संशोधन सहित) को परिच्छेद-४ को दफा ११ (ग) ले दिएको अधिकार प्रयोग गरी यो अनुसन्धान कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद : एक

## प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम 'वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पसको अनुसन्धान कार्यविधि-२०७६' रहेको छ ।

(ख) यो कार्यविधि त्रि.वि. कार्यकारी परिषद्बाट स्वीकृत प्राप्त गरेको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) 'विश्वविद्यालय' भन्नाले त्रिभुवन विश्वविद्यालय र अन्य विश्वविद्यालय समेत सम्झनुपर्छ ।

(ख) 'ऐन' भन्नाले त्रिभुवन विश्वविद्यालयको ऐन सम्झनुपर्छ ।

(ग) 'नियम' भन्नाले त्रिभुवन विश्वविद्यालय र नेपाल सरकार/प्रदेश सरकारको अनुसन्धान सम्बन्धी प्रचलित नीति, नियम सम्झनुपर्छ ।

(घ) 'वन विज्ञान अध्ययन संस्थान' भन्नाले त्रिभुवन विश्वविद्यालय अन्तर्गतको वन विज्ञान अध्ययन संस्थान सम्झनुपर्छ ।

(ङ) 'क्याम्पस' भन्नाले वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पस सम्झनुपर्छ ।

(च) 'क्याम्पस प्रमुख' भन्नाले वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पसका प्रमुख सम्झनुपर्छ ।

(छ) 'समिति' भन्नाले वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पसको अनुसन्धान समिति (Research Committee), प्रकाशन समिति (Publication Committee) र सम्पादन समिति (Editorial Board) समेत सम्झनुपर्छ ।

(ज) 'अध्यक्ष' भन्नाले अनुसन्धान समितिको अध्यक्ष सम्झनुपर्छ ।

(झ) 'सदस्य-सचिव' भन्नाले अनुसन्धान समितिको सदस्य-सचिव सम्झनुपर्छ ।

(ञ) 'प्रधान सम्पादक' (Chief Editor) भन्नाले क्याम्पसका प्रकाशन सामग्रीहरुको सम्पादनका लागि तोकिएका प्रधान सम्पादक सम्झनुपर्छ ।

(ट) 'सम्पादक' (Editor Member) भन्नाले क्याम्पसको प्रकाशन सामग्रीहरुको सम्पादनका लागि तोकिएका सदस्यहरु सम्झनुपर्छ ।

(ठ) 'शिक्षक' भन्नाले वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसमा अध्यापन गर्ने शिक्षक सम्झनुपर्छ ।

(ड) 'कर्मचारी' भन्नाले वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसमा कार्यरत कर्मचारी सम्झनुपर्छ ।

(ढ) 'विद्यार्थी' भन्नाले वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसमा विभिन्न तह र कार्यक्रमअन्तर्गत अध्ययनरत विद्यार्थी सम्झनुपर्छ ।

(ण) 'अनुसन्धान कोष' भन्नाले मूलधन नमासिने गरी सोको ब्याजबाट अनुसन्धान तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्न स्थापित अक्षय कोष सम्झनुपर्छ ।

(त) 'अनुसन्धान' भन्नाले क्याम्पसद्वारा प्राथमिकताका आधारमा सञ्चालन गरिने विविध विषयका अनुसन्धान सम्झनुपर्छ ।

(थ) 'क्षमता अभिवृद्धि' भन्नाले शिक्षक, विद्यार्थी र कर्मचारीको पेशागत ज्ञान, सीप र कार्यक्षमता अभिवृद्धिका लागि सञ्चालित कार्यक्रमहरु सम्झनुपर्छ ।

(द) 'अनुसन्धान अनुदान' (Research Grant) भन्नाले अनुसन्धान सम्बन्धी प्रयोजनका लागि दातृ वा अन्य संस्थाबाट लिइने संस्थागत अनुदान एवं वित्तीय सहयोग र अनुसन्धान समितिद्वारा निर्धारित नीति तथा कार्यक्रम अनुसार शिक्षक, विद्यार्थी र कर्मचारीलाई प्रदान गरिने अनुदान सम्झनुपर्छ ।

(ध) 'आचारसंहिता' भन्नाले यस कार्यविधिको अनुसूची (१) मा उल्लेखित अनुसन्धान आचारसंहिता सम्झनुपर्छ ।

(न) 'बैठक' भन्नाले अनुसन्धान, प्रकाशन र सम्पादन समितिको बैठक सम्झनुपर्छ ।

३. अनुसन्धान समितिको कार्यालय

अनुसन्धान समितिको कार्यालय वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पस परिसरमा रहनेछ ।

## परिच्छेद : दुई

## उद्देश्य

४. यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सम्बन्ध एवं सञ्जाल विस्तार गरी अनुसन्धान सम्बन्धी कार्यहरु गर्ने ।

(ख) पोखरा क्याम्पस तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्राथमिकताका सवालहरुलाई संबोधन हुने गरी अनुसन्धान कार्यहरु गर्ने गराउने ।

(ग) अनुसन्धानमा समय सापेक्ष प्रविधिको विकास र प्रयोगलाई प्रोत्साहित गर्ने ।

(घ) प्रकाशन मार्फत अनुसन्धानका उपलब्धिलाई सरोकारवालाहरु र समुदायको

पहुँचमा पुऱ्याउने ।

(ङ) क्षमता विकास सम्बन्धी कार्यक्रममार्फत शिक्षक र कर्मचारीहरुको पेशागत ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्ने ।

(च) विद्यार्थीहरुलाई सिकाइ क्षमता र अनुसन्धान सीपको विकास गरी पेशागत क्षेत्रमा लागु गर्न प्रोत्साहित गर्ने ।

(छ) अनुसन्धान तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यलाई व्यवस्थित, प्रभावकारी एवं दिगो तुल्याउने ।

## परिच्छेद : तीन

## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

### ५. अनुसन्धान समिति

देहाय बमोजिम पाँच सदस्य रहेको अनुसन्धान समिति गठन गरिने छ ।

(क) प्राध्यापक वा विद्यावारिधि गरेका सह-प्राध्यापक - अध्यक्ष

(ख) शिक्षकहरुमध्येबाट तीन जना - सदस्य

(ग) शिक्षकहरुमध्येबाट एक जना - सदस्य सचिव

६. दफा ५, (क), (ख) र (ग) बमोजिमका अध्यक्ष र सदस्यहरुको नियुक्ति क्याम्पस प्रमुखको सिफारिसमा क्याम्पस कार्यसमितिले गर्नेछ । कार्यसमिति नभएको अवस्थामा क्याम्पस प्रमुखबाट नियुक्ति हुनेछ र यसरी नियुक्त भएको अनुसन्धान समितिलाई कार्यसमिति गठन भएपछि सोबाट अनुमोदन गरिनेछ ।

७. अनुसन्धान समितिको सदस्य पदमा विज्ञ र अनुसन्धानमा क्रियाशील शिक्षकलाई प्राथमिकता दिइनेछ ।

८. अनुसन्धान समितिको अध्यक्ष पदमा एउटै व्यक्तिलाई दुईपटक भन्दा बढी अवधिका लागि नियुक्त गरिनेछैन ।

९. अनुसन्धान समितिको पदावधि, बैठकको गणपुरक सङ्ख्या र निर्णय प्रक्रिया

(क) समितिको पदावधि तीन वर्षको हुनेछ ।

(ख) समितिको निर्णय सामान्य बहुमतबाट हुनेछ ।

(ग) समितिको बैठक एक वर्षमा कम्तीमा चारपटक र अन्य अवस्थामा आवश्यकता अनुसार बस्न सक्नेछ ।

(घ) बैठकमा आवश्यकता अनुसार विज्ञ, शिक्षक तथा कर्मचारीलाई अध्यक्षको स्वीकृतिमा सदस्य-सचिवले आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछन् ।

(ङ) अनुसन्धान समितिका सदस्य र आमन्त्रित सदस्यहरुको बैठक भत्ता त्रि.वि. नियमानुसार हुनेछ । क्याम्पस प्रमुखले बैठकभत्ताको अतिरिक्त सञ्चार तथा यातायात खर्च समेत उपलब्ध गराउन सक्नेछन् ।

(च) बैठकका निर्णयहरु सदस्य-सचिवले अभिलेखीकरण गरी अध्यक्षद्वारा प्रमाणित गराई राख्नुपर्नेछ ।

१०. पद रिक्त भएमा

(क) तोकिएको पदावधि पूरा नहुँदै कुनै कारणवश अनुसन्धान समितिका अध्यक्ष र सदस्यको पद रिक्त भएमा बाँकी अवधिका लागि दफा ६ बमोजिम नियुक्ति हुनेछ ।

११. देहायका अवस्थामा पद रिक्त रहेको मानिनेछ ।

(क) राजिनामा स्वीकृत भएमा ।

(ख) सेवा निवृत्त भएमा ।

(ग) अन्यत्र सरुवा भएमा ।

(घ) अध्ययन/अनुसन्धान/काज बिदा स्वीकृत भई लगातार छ महिनाभन्दा बढी अवधि क्याम्पस बाहिर रहने अवस्था भएमा ।

(ङ) पदाधिकारी नियुक्त भएमा ।

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतले कसुरदार ठहऱ्याई कैदको सजाय भएमा ।

(छ) मानसिक सन्तुलन गुमाएको प्रमाणित भएमा ।

(ज) निधन भएमा ।

(झ) कुनै नियम बमोजिम सदस्य कायम रहन अयोग्य प्रमाणित भएमा ।

१२. अनुसन्धान समितिको काम, कर्तव्य र अधिकार

(क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था र विश्वविद्यालयहरुसँग समन्वय एवं सहकार्य गरी आर्थिक स्रोत जुटाउन प्रयास गर्ने ।

(ख) स्वदेशी तथा विदेशी संस्थाहरुबाट अनुदान प्राप्त हुने भएमा त्रिभुवन विश्वविद्यालय र नेपाल सरकार/प्रदेश सरकारको अनुदान सहयोग सम्बन्धी प्रचलित नियमानुसार ग्रहण गर्ने ।

(ग) बाह्य तथा क्याम्पसबाट प्राप्त स्रोत परिचालन गरी क्याम्पसका शिक्षक, कर्मचारी र विद्यार्थीहरुका लागि अनुसन्धान तथा क्षमता अभिवृद्धि सम्बन्धी विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।

(घ) अनुसन्धान सम्बन्धी गाइडलाइन तयार गरी लागु गर्ने ।

(ङ) अनुसन्धान तथा क्षमता अभिवृद्धि सम्बन्धी वार्षिक कार्यक्रम तयार गर्ने र सो कार्यका लागि प्रदान गरिने रकम, प्राथमिकता र सङ्ख्या निर्धारण गर्ने ।

(च) क्याम्पसका शिक्षक, कर्मचारीहरुबाट प्रत्येक वर्ष नयाँ आर्थिक वर्ष सुरु भएपछि अनुसन्धान प्रस्ताव र क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमको प्रस्ताव आह्वान गर्ने।

(छ) स्नातकोत्तर तह दोस्रो वर्ष र स्नातक तह चौथो वर्षका विद्यार्थीहरुको शैक्षिक उपाधिसँग सम्बन्धित थेसिस र प्रोजेक्ट पेपरका लागि शैक्षिक कार्यतालिका अनुसार प्रस्ताव आह्वान गर्ने ।

(ज) अनुसन्धान, तालिम, गोष्ठी, सेमिनार, अध्ययन भ्रमण लगायतका क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमको प्रस्ताव मूल्याङ्कन गरी स्वीकृत गर्ने ।



वविअस डीनको कार्यालय पोखरा

(झ) त्रिभुवन विश्वविद्यालय अनुसन्धान केन्द्र तथा वन विज्ञान अध्ययन संस्थान डीनको कार्यालयको अनुसन्धान समितिसँग समन्वय गरी कार्य गर्ने ।

(ञ) विद्यार्थीहरुको व्यावहारिक ज्ञान र सीपका लागि उपयुक्त ठाउँ पहिचान गरी Research Site/Plot निर्माण गर्ने ।

(ट) संस्थागत/समूहगत/व्यक्तिगत रुपमा अनुसन्धान गर्न र दातृ संस्थाहरुबाट आह्वान गरिएका अनुसन्धान कार्यमा प्रतिष्पर्धा गर्न शिक्षक, विद्यार्थी र कर्मचारीहरुलाई प्रोत्साहित गर्ने ।

(ठ) अनुसन्धान तथा अन्य विविध कार्यक्रमहरु मार्फत प्राप्त ज्ञान, सीप र अनुभवलाई शैक्षिक, प्रशासनिक तथा पेशागत क्षेत्रको सुधारमा प्रयोग गर्न प्रेरित गर्ने ।

(ड) अनुसन्धान समितिअन्तर्गत भएका अनुसन्धान प्रतिवेदन, प्रकाशन र सो सम्बन्धी डाटाहरुको हार्डकपी र सफ्टकपी सङ्कलन, संरक्षण तथा व्यवस्थित गर्ने ।

(ढ) अनुसन्धान सम्बन्धी आय-व्ययको अभिलेख व्यवस्थित गर्न लगाउने ।

(ण) तालिम, गोष्ठी, कार्यशाला आदिका लागि आवश्यक पर्ने प्रशिक्षक एवं विशेषज्ञहरु मनोनयन गर्ने ।

(त) अनुसन्धान समिति अन्तर्गत भए गरेका सम्पूर्ण कार्यहरुको भुक्तानीका लागि क्याम्पस प्रमुख समक्ष सिफारिस गर्ने ।

(थ) समितिले वर्षभरि गरेका कार्यहरुको प्रतिवेदन तयार पारी क्याम्पसका सरोकारवालाहरु बीच समीक्षा गर्ने ।

(द) अनुसन्धान तथा क्षमता अभिवृद्धि सम्बन्धी तोकिएका कार्यहरु गर्ने ।

१३. अनुसन्धान समितिलाई अनुदान (Grant) सम्बन्धी प्रस्ताव (Proposal) निर्माण गर्ने, प्रतिष्पर्धामा भाग लिने र अनुदान प्रयोजनका लागि स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ संस्थाहरुसँग सम्झौता गर्ने अधिकार हुनेछ ।

१४. दातृ संस्थाहरुमा संस्थागत अनुदान सहयोगका लागि पेश गरिने प्रस्ताव तयार गर्न र शोध/अनुसन्धान प्रस्तावको मूल्याङ्कन प्रयोजनका लागि विज्ञहरु मनोनयन गर्नुका साथै अनुसन्धान समितिले आवश्यकताका आधारमा समिति बाहेकका शिक्षक तथा कर्मचारीहरुलाई जिम्मेवारी तोकी काममा खटाउन सक्नेछ ।



त्रि वि अ स डीनको कार्यालय पोखरा

१५. अनुसन्धान समितिका सदस्यहरुले अनुसन्धान समितिमार्फत सञ्चालित अनुसन्धानका लागि व्यक्तिगत रुपमा आवेदन गर्न पाउने छैनन् । यद्यपी तालिम, गोष्ठी, सेमिनार, अध्ययन अवलोकन भ्रमण आदि क्षमता अभिवद्धि सम्बन्धी कार्यक्रम र संस्थागत तथा अन्य अनुसान्धान सम्बन्धी कार्यमा सहभागी हुन वा प्रशिक्षकको रुपमा काम गर्न यो नियम आकर्षित हुनेछैन ।

१६. शिक्षक र कर्मचारीको निर्धारित अनुसन्धान प्रस्ताव स्वीकृत भएपछि प्रारम्भमा काम सुरु गर्न सम्बन्धित अनुसन्धानकर्तालाई सम्झौता गराई तोकिएको रकमको ५०% पेश्कीको रुपमा र ३०% रकम अन्तिम प्रतिवेदन (Final Report) अनुसन्धान समितिमा बुझाएपछि भुक्तानी दिइनेछ । क्याम्पसका शिक्षक तथा कर्मचारीबाट गरिने अनुसन्धान कार्य शैक्षिक उपाधिका लागि नभई क्षमता अभिवृद्धिका लागि हुनेछ ।

१७. तोकिए बमोजिम अन्तिम किस्ताको बाँकी रहन आउने २०% रकम सो अनुसन्धानको निष्कर्षलाई लेखका रुपमा वन विज्ञान अध्ययन संस्थानबाट प्रकाशित हुने जर्नलहरु वा अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित भएपछि वा तिनीहरुमध्ये कुनैमा प्रकाशनका लागि स्वीकृति प्राप्त गरेको प्रमाण पेश गरेपछि भुक्तानी दिइनेछ ।

१८. स्नातक र स्नातकोत्तर तहका विद्यार्थीको हकमा शैक्षिक उपाधि प्राप्त हुने अनुसन्धानको अन्तिम प्रतिवेदन (प्रोजेक्ट पेपर/थेसिस) बुझाई स्वीकृति प्राप्त गरेपछि पूर्व निर्धारित कुल रकममध्ये बाँकी रहेको ५०% रकम एकमुष्ठ उपलब्ध गराइनेछ ।

१९. शिक्षक र कर्मचारीको क्षमता अभिवृद्धिका लागि वार्षिक रुपमा निर्धारित तालिम, सेमिनार, कार्यशाला र अध्ययन अवलोकन भ्रमणजस्ता कार्यक्रम सञ्चालन गर्न स्वीकृत रकमको सीमाभित्र रही इस्टिमेट प्रस्तावका आधारमा पेश्की उपलब्ध गराउन सकिनेछ ।

२०. अनुसन्धान अन्तर्गत स्वीकृत कार्य निर्धारित समय सीमाभित्र पूरा गरी प्रतिवेदन बुझाउन नसकेमा कारणसहित सम्बन्धित अनुसन्धानकर्ताले अनुसन्धान समितिमा निवेदन दिएमा समितिले मनासिव ठहऱ्याएमा एकपटक वा पटकपटक गरी बढीमा ६ महिनासम्म समय थप गर्न सक्नेछ । यसरी थप गरिएको समयभित्र पनि अनुसन्धान प्रतिवेदन पेश गर्न नसकेमा त्रि.वि. अनुसन्धान महाशाखा सम्बन्धी व्यवस्थापन प्रणाली,



त्रि वि अ स डीनको कार्यालय पोखरा

२०५२ को परिच्छेद ३, (घ) अनुरुप वार्षिक २०% ब्याज थप गरी हुन आउने एकमुष्ठ रकम सम्बन्धित व्यक्ति/समूहबाट असुलउपर गरिनेछ ।

२१. माथि दफा २० मा जेसुकै लेखिएको भए तापनि अनुसन्धानकर्ताको काबुभन्दा बाहिरको कारणले अनुसन्धान कार्य सम्पन्न गर्न असमर्थ भई सामान्यतः अनुसन्धानका लागि निर्धारित समयभन्दा एक महिना अघि नै पहिले लिएको रकम फिर्ता गरेमा अनुसन्धानकर्ताबाट अनुसन्धानस्वरुप लिएको पेश्की रकमभन्दा बढी असुल गरिनेछैन ।

२२. प्रकाशन तथा सम्पादन सम्बन्धी व्यवस्था

(२२.१) वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसबाट प्रकाशित हुने Journal of Forest and Natural Resource Management, सिर्जना र वन सम्बन्धी अन्य जर्नल प्रकाशनबारे देहाय बमोजिम व्यवस्था हुनेछ ।

(क) जर्नल तथा अन्य समसामयिक प्रकाशनको सम्पादनका लागि अनुसन्धान समितिको राय बमोजिम क्याम्पस प्रमुखद्वारा वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसमा कार्यरत शिक्षकको संयोजकत्वमा बढीमा पाँच सदस्यीय सम्पादन समिति (Editorial Board) गठन गरिनेछ । सम्पादन समितिमा आवश्यकता अनुसार बाह्य (राष्ट्रिय/अन्तर्राष्ट्रिय) विशेषज्ञलाई समेत सदस्यका रुपमा समावेश गर्न सकिनेछ ।

(ख) सम्पादन समितिका सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(ग) जर्नल सामान्यतः वर्षको एकपटक प्रकाशित गरिनेछ ।

(घ) क्याम्पसबाट प्रकाशित हुने जर्नल वा अन्य समसामयिक प्रकाशनमा वन विज्ञान अध्ययन संस्थान र त्रिभुवन विश्वविद्यालयका शिक्षक, कर्मचारी र विद्यार्थीका स्तरीय लेखलाई प्राथमिकता दिइनेछ । सम्पादन समितिले आवश्यक ठानेमा जर्नलमा अन्य विद्वान्हरुका लेख पनि प्रकाशित गर्न सक्नेछ ।

(ङ) जर्नल र अन्य समसामयिक प्रकाशनको सम्पादन गर्ने र लेख स्वीकृत वा अस्वीकृत गर्ने, लेखको पारिश्रमिक तोक्ने, जर्नल र अन्य प्रकाशनहरुको लागत तथा बिक्री मूल्य निर्धारण गर्ने अधिकार सम्पादन समितिलाई हुनेछ । सम्पादन समितिले आवश्यक ठानेमा लेख मूल्याङ्कनका लागि विशेषज्ञ, प्राविधिक, प्रुफ रिडिङ गर्ने व्यक्ति तथा



व वि अ स डीनको कार्यालय
पोखरा

शिक्षक, कर्मचारीलाई जिम्मेवारी तोकी काममा खटाउन सक्नेछ । तर यस्ता कार्यहरु अनुसन्धान समितिसँगको समन्वय एवं परामर्शका आधारमा गर्नुपर्नेछ ।

(च) सम्पादन समितिको बैठकमा उपस्थित संयोजक, सदस्य र आमन्त्रित सदस्यलाई त्रि.वि. नियमानुसारको बैठक भत्ता र आवश्यकता अनुसार क्याम्पस प्रमुखले सञ्चार तथा यातायात खर्च समेत प्रदान गर्न सक्नेछन् । तर बैठक सङ्ख्या प्रति जर्नल प्रति अङ्क दशभन्दा बढी हुनेछैन ।

(छ) लेखको मूल्याङ्कनकर्ता, स्वीकृत लेख, विशेषज्ञ, प्राविधिक, प्रुफ रिडिङ गर्ने व्यक्ति र प्रकाशनसँग सम्बन्धित काममा समितिले खटाएका शिक्षक, कर्मचारीको पारिश्रमिकका लागि सम्पादन समितिले क्याम्पस प्रमुखसमक्ष सिफारिस गर्नुपर्नेछ ।

(ज) जर्नलको विक्री मूल्य सम्पादन समितिले तोके बमोजिम हुनेछ ।

(झ) प्रकाशित जर्नलहरु क्याम्पस प्रमुखसँग समन्वय गरी अनुसन्धान समिति आफैले विक्री गर्न वा तोकिएका विक्रेताहरुलाई विक्रीका लागि पठाउन सक्नेछ तर निम्नलिखित व्यक्ति तथा निकायहरुमा अन्य व्यवस्था भएमा बाहेक जर्नल निशुल्क वितरण गर्न सकिनेछ ।

(अ) लेखक, व.वि.अ.सं. पोखरा क्याम्पसका शिक्षक र सम्पादन समितिले तोकेका व्यक्तिहरु,

(आ) विश्वविद्यालयका सम्पूर्ण निकायहरु,

(इ) विश्वविद्यालयसँग आबद्ध भएका राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थाहरु,

(ई) देश विदेशका पुस्तकालय तथा अनुसन्धान केन्द्र आदि ।

(२२.२) बुलेटिन प्रकाशन सम्बन्धी व्यवस्था

(क) अनुसन्धान बुलेटिन, क्याम्पस बुलेटिन, ब्रुसर, बुकलेट आदि क्याम्पसको आवश्यकता बमोजिम प्रकाशित गर्न सकिनेछ ।

(ख) प्रकाशित बुलेटिन, ब्रुसर, बुकलेट आदि निःशुल्क वा सहुलियत दरमा वितरण गरिनेछ ।

(ग) बुलेटिन, ब्रुसर, बुकलेट आदि लेखन, सम्पादन तथा प्रकाशनका लागि क्याम्पस प्रमुखले एकजना प्रधान सम्पादक र एकजना सम्पादक मनोनयन गर्न सक्नेछन् ।



व.वि.अ.सं. डीनको कार्यालय पोखरा

(घ) प्रधान सम्पादक र सम्पादकलाई क्याम्पस प्रमुखले तोकिए बमोजिम पारिश्रमिक उपलब्ध गराउन सक्नेछन् ।

(२२.३) अन्य प्रकाशन सम्बन्धी व्यवस्था

(क) अनुसन्धान समितिले आवश्यकता अनुसार विशेषाङ्क (Special Issue) प्रकाशित गर्न सक्नेछ ।

(ख) अनुसन्धान समितिअन्तर्गत सम्पन्न भएका अनुसन्धान प्रतिवेदनहरुमध्ये वन विज्ञान अध्ययन संस्थानको शैक्षिक कार्यक्रमका लागि उपयोगी हुने भएमा क्याम्पस प्रमुखको स्वीकृतिमा त्यस्ता उपयोगी एवं महत्वपूर्ण सामग्रीहरु अनुसन्धान समितिले प्रकाशित गरी बिक्री वितरणको व्यवस्था मिलाउन सक्नेछ ।

(ग) विशेषाङ्कको प्रकाशन तथा सम्पादनको काम सम्पादन समितिबाट वा अन्य व्यक्तिहरुबाट गराउने भन्ने विषयको निर्णय अनुसन्धान समितिको रायका आधारमा क्याम्पस प्रमुखले गर्नेछन् ।

(घ) पुस्तक, जर्नल, विशेषाङ्क र अन्य सामग्रीको प्रकाशन तथा सम्पादन सम्बन्धी कार्यमा खटिएका अनुसन्धान समितिका सदस्य, सम्पादन समितिका सदस्य, विज्ञ, शोध/अनुसन्धान प्रस्तावको मूल्याङ्कनर्ता र सम्बन्धित कार्यमा संलग्न अरु व्यक्तिहरुलाई अनुसन्धान समितिको सिफारिसका आधारमा औचित्य हेरी क्याम्पस प्रमुखले तोकिए बमोजिमको पारिश्रमिक उपलब्ध गराउन सक्नेछन् ।

## परिच्छेद-४

## आर्थिक स्रोत

२३. वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसको एक छुट्टै अनुसन्धान कोष हुनेछ र उक्त कोषमा देहाय बमोजिमका स्रोतहरुबाट प्राप्त रकम हुनेछ ।

(क) क्याम्पसको आन्तरिक स्रोतहरुबाट प्राप्त हुने रकम ।



त्रि वि अ सं डीनको कार्यालय पोखरा

(ख) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त हुने रकम ।

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू, विश्वविद्यालयहरु र विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त हुने रकम ।

(घ) वन विज्ञान अध्ययन संस्थानमा सञ्चालित परियोजनाहरुबाट ओभरहेड स्वरुप प्राप्त हुने रकम ।

(ङ) शिक्षक तथा विद्यार्थीहरुद्वारा क्याम्पसमा सञ्चालित अनुसन्धान परियोजनाबाट ओभरहेड स्वरुप प्राप्त हुने रकम ।

(च) प्रकाशन विक्रीबाट प्राप्त हुने रकम ।

(छ) अनुन्धान कोष (अक्षय कोष) र बैंक खाताबाट प्राप्त हुने ब्याज रकम ।

(ज) अन्य स्रोतहरुबाट प्राप्त हुने रकम ।

२४. अनुसन्धान कोष स्थापना

(क) अनुसन्धान तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमको दिगोपन र निरन्तरताका लागि वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पसमा आन्तरिक स्रोतबाट अक्षय कोषको रुपमा प्रारम्भमा रु. १,००,००,०००।- (अक्षेरेपी एक करोड रुपैयाँ) राशीको एक छुट्टै 'अनुसन्धान कोष' स्थापना गरिनेछ ।

(ख) अनुसन्धान सम्बन्धी प्रयोजनका लागि प्रत्येक वर्ष क्याम्पसमा स्नातक र स्नातकोत्तर तहका पूर्ण शुल्कीय अन्तर्गतका विद्यार्थीहरुबाट प्राप्त कुल आयको १०% रकम उपलब्ध गराइनेछ ।

(ग) दफा २४ (ख) बमोजिम क्याम्पसबाट प्रत्येक वर्ष प्रदान गरिने कुल रकममध्ये ५०% कोषमा थप गरी क्रमशः कोष वृद्धि गर्दै लगिनेछ ।

(घ) अनुसन्धान समितिबाट वार्षिक रुपमा सञ्चालन गरिने अनुसन्धान तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रममा क्याम्पसले प्रदान गरेको वार्षिक कुल रकमको ५०% र कोषको बैङ्क खाताबाट प्राप्त हुने ब्याज खर्च गरिनेछ ।

२५. कोषको प्रयोग

२५.१) दफा (२३) र (२४) बमोजिमको रकम वार्षिक रुपमा निम्नानुसार शीर्षकहरुमा प्रयोग गरिनेछ ।

(क) स्नातक तह चौथो वर्षका विद्यार्थीहरुलाई प्रोजेक्ट पेपर/इन्टर्नशिप र स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थीलाई शोधपत्रका लागि अनुसन्धान अनुदान प्रदान गर्न ।

(ख) शिक्षक, कर्मचारीहरुको अनुसन्धान लगायतका क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु (तालिम, गोष्ठी, कार्यशाला, अध्ययन तथा अवलोकन भ्रमण) सञ्चालन गर्न र Research grant प्रदान गर्न ।

(ग) पुस्तक, जर्नल, विशेषाङ्क (Special issue), स्मारिका, बुलेटिन, प्रोसिडिङ, प्रोस्पेक्टस, ब्रोसर तथा समसामयिक प्रकाशन आदि प्रकाशित गर्न ।

(घ) अनुसन्धान समितिको कार्यालय सञ्चालनका लागि आवश्यक उपकरण र स्टेशनरी लगायतका सामग्रीहरु व्यवस्थापन गर्न ।

(ङ) अनुसन्धान समितिका सदस्य, सम्पादन समितिका सदस्य, आमन्त्रित सदस्य, लेख, शोध/अनुसन्धान प्रस्तावको मूल्याङ्कनकर्ता, विज्ञ, प्राविधिक, प्रुफ रिडिङ, अनुदान प्रस्ताव तयार गर्ने व्यक्तिहरु र अनुसन्धान तथा सम्पादन समितिले खटाएका अन्य व्यक्तिहरुलाई तोकिए बमोजिमको बैठक भत्ता, सञ्चार, यातायात खर्च र पारिश्रमिक भुक्तानी ।

(च) तालिम, गोष्ठी, कार्यशाला आदिको लागि मनोनित प्रशिक्षक तथा विशेषज्ञको पारिश्रमिक, भ्रमणभत्ता र यातायात खर्च आदि भुक्तानी ।

(छ) भैपरी शीर्षकहरुको व्यवस्थापन आदि ।

२५.२) दफा (२३) र (२४) बमोजिमको स्रोतलाई देहाय बमोजिमको अनुपातमा प्रयोग गरिनेछ ।

| क्र. सं. | विवरण | प्रतिशत |
|---|---|---|
| (क) | विद्यार्थीहरुको अनुसन्धान तथा क्षमता अभिवृद्धि | ३०% |
| (ख) | शिक्षकहरुको अनुसन्धान तथा क्षमता अभिवृद्धि | ३०% |
| (ग) | कर्मचारीहरुको अनुसन्धान तथा क्षमता अभिवृद्धि | १५% |
| (घ) | प्रकाशन, सेमिनार / वर्कसप | १५% |
| (ङ) | प्रशासनिक कार्य | १०% |

स्पष्टीकरण :

* *उपरोक्त दफा (२५.२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमका लागि बाह्य दातृ निकायबाट प्राप्त रकम सम्बन्धित प्रस्तावमा उल्लेख भए बमोजिम प्रयोग गरिनेछ ।*

२६. दफा (२५.२) मा उल्लेखित शीर्षक अनुसारको रकम वार्षिक रुपमा कुनै कारणवश प्रयोग हुन नसकेको अवस्थामा बाँकी रकम क्रमशः अनुसन्धान कोष (अक्षय कोष) मा थप गरिनेछ ।

२७. कोष सञ्चालन विधि

(क) अनुसन्धान कोषको रकम बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

(ख) अनुसन्धान कोषको बैङ्क खाता वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पसका क्याम्पस प्रमुख र लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन गरिनेछ ।

(ग) अनुसन्धान तथा क्षमता अभिवृद्धिसँग सम्बन्धित सम्पूर्ण खर्चहरु अनुसन्धान कोषबाट व्यहोरिनेछ ।

(घ) अनुसन्धान शीर्षकको सम्पूर्ण आय-व्यय सम्बन्धी हरहिसाबको अभिलेख व्यवस्थित गरिनेछ ।

(ङ) अनुसन्धान कोषको रकम अनुसन्धान समितिको निर्णयका आधारमा खर्च गरिनेछ ।

(च) अनुसन्धान कोषको रकम अन्य शीर्षकमा खर्च गरिनेछैन ।

२८. लेखापरीक्षण

(क) कोषको लेखापरीक्षण त्रिभुवन विश्वविद्यालयको प्रचलित नियमानुसार हुनेछ ।

## परिच्छेद : ५

## बौद्धिक सम्पत्तिको संरक्षण, स्वीकृति र आचारसंहिता सम्बन्धी व्यवस्था

२९. बौद्धिक सम्पत्तिको संरक्षण

(क) अनुसन्धान समिति अन्तर्गत गरिएका अनुसन्धान प्रतिवेदन एवं प्रकाशनहरु अनुसन्धानकर्ता (व्यक्ति वा समूह) को नाममा दर्ता गराउने हक हुनेछ । तर उक्त प्रकाशनहरुमा क्याम्पसको नाम उल्लेख गर्नुपर्नेछ ।

(ख) अरु कसैको बौद्धिक सम्पत्ति अनुमति नलिई प्रयोग वा दुरुपयोग गर्न पाइनेछैन ।

(ग) अनुसन्धान समितिमा प्राप्त अनुसन्धान प्रतिवेदन, डाटा, प्रकाशन आदि वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसको सम्पत्ति हुनेछ र यस कार्यविधिमा तोकिएको बाहेक अनुसन्धान समिति वा क्याम्पसको स्वीकृतिविना अनुसन्धानकर्ताले समितिमा बुझाएको प्रतिवेदन वा डाटालाई पूरा वा आंशिक तथा अन्य प्रकारले प्रकाशित गर्न गराउन पाइनेछैन ।

(घ) अनुसन्धान समितिमा प्राप्त अनुसन्धान प्रतिवेदन, डाटा, प्रकाशन आदि अनुसन्धान समितिको कार्यालय र पोखरा क्याम्पस पुस्तकालयमा राखिनेछ ।

३०. स्वीकृति र आचारसंहिता सम्बन्धी व्यवस्था

(क) अनुसन्धान समितिले दातृ संस्थाहरुसँग सम्झौता गर्नुपूर्व क्याम्पस प्रमुखबाट स्वीकृति लिनुपर्नेछ ।

(ख) क्याम्पसमा आबद्ध शिक्षक, विद्यार्थी र कर्मचारीले व्यक्तिगत वा समूहगत रुपमा क्याम्पसको नाम राखेर गरिने अनुसन्धानका लागि अनुसन्धान समितिबाट स्वीकृति लिनुपर्नेछ ।

(ग) अनुसन्धान समितिले वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसको प्राथमिकता र आवश्यकतालाई केन्द्रमा राखेर कार्य गर्नुपर्नेछ ।

(घ) प्रत्येक अनुसन्धानकर्ताले त्रिभुवन विश्वविद्यालय र नेपाल सरकार/प्रदेश सरकारको अनुसन्धान सम्बन्धी नीतिको पालना गर्नुपर्नेछ ।

(ङ) अनुसन्धानकर्ताले अनुसूची १ अनुसारको आचारसंहिता पालना गर्नुपर्नेछ ।

## परिच्छेद : छ

## विविध

३१. मूल्याङ्कन तथा अनुगमन गर्न सक्ने

(क) अनुसन्धान समितिको गतिविधि, कार्यसम्पादन लगायतका विषयमा क्याम्पस प्रमुखले समय समयमा अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक निर्देशन दिन सक्नेछन् ।

३२. अनुसन्धान समितिको काम कारवाही पारदर्शी हुनुपर्ने

(क) समितिको निर्णयले गोप्य रहने भनी निर्धारण गरेको बाहेक समितिका सबै काम कारवाही पारदर्शी रहनेछन् ।

३३. कार्यविधिको व्याख्या

(क) यस कार्यविधिमा स्पष्ट उल्लेख भएकोमा बाहेक अन्य कुनै विषयमा द्विविधा उत्पन्न भएमा व्याख्या गर्ने अधिकार क्याम्पस कार्यसमितिलाई हुनेछ ।

३४. कार्यविधि संशोधन सम्बन्धमा

(क) कार्यविधिमा उल्लेखित दफा उपदफाहरु समयानुकूल थपघट, परिमार्जन वा संशोधन गर्नुपरेमा अनुसन्धान समितिको बैठकबाट सो सम्बन्धी प्रस्ताव तयार पारी क्याम्पस कार्यसमितिबाट स्वीकृत गराई लागु गर्न सकिनेछ । सो विषयको जानकारी सरोकारवालाहरुलाई गराउनुपर्नेछ ।

३५. यस कार्यविधिमा उल्लेख भएका शब्द र वाक्यांशहरु त्रि.वि. ऐन, नियम तथा प्रचलित कानुनसँग बाझिन गएमा स्वतः निस्क्रिय हुनेछन् ।

✧

KATHMANDU NEPAL
त्रि वि अ स डीनको कार्यालय
पोखरा

## अनुसूची : १

## अनुसन्धान आचारसंहिता

## (The Code of Conduct for Research)

१. अनुसन्धान समितिका सदस्यहरु र अनुसन्धानकर्ताले विश्वविद्यालय र नेपाल सरकार/प्रदेश सरकारको अनुसन्धान नीतिको पालना गर्नुपर्नेछ ।

२. अनुसन्धानको क्रममा र सोभन्दा पछाडि पनि आवश्यक गोपनियता कायम गर्नुपर्नेछ ।

३. अनुसन्धानको क्रममा र त्यसपछि पनि व्यक्ति र समुदायको मानव अधिकार तथा स्वाभिमान रक्षाको पूर्ण प्रत्याभूति गर्नुपर्नेछ ।

४. नेपालको प्रचलित कानुन विपरीत, राष्ट्रहित विपरीत, मानव सभ्यतामा हानी, पर्यावरणमा क्षति तथा सामाजिक द्वेष फैलाउने गरी अनुसन्धान गर्न गराउन पाइनेछैन ।

५. मानव स्वास्थ्यमा प्रयोग, सामरिक सूचना सङ्कलनजस्ता विषयमा अनुसन्धान गर्दा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा अन्य सम्बन्धित निकायको स्वीकृति लिनुपर्नेछ । सो सम्बन्धी व्यवस्था शोधकर्ताले नै गर्नुपर्नेछ ।

६. अनुसन्धानको क्रममा वन तथा पर्यावरण विनास, जैविक विविधता नष्ट, जनावरलाई अनुचित यातना र सांस्कृतिक सम्पदाहरुमाथि क्षति पुग्नेजस्ता कार्यहरु गर्न पाइनेछैन ।

७. अरुको बौद्धिक सम्पत्तिको सम्मान एवं संरक्षण गर्नु पर्नेछ । अनुसन्धानको क्रममा अरुको कृतिबाट आवश्यक सामग्री उद्धरण गर्नु परेमा प्रचलित प्राज्ञिक मान्यता अनुसार गर्नुपर्नेछ ।

८. स्थानीय समुदायसँग काम गर्दा सम्बन्धित निकायबाट पूर्व सहमति लिनुपर्नेछ ।

९. आचारसंहिताको उल्लङ्घन भएमा शोधकर्ता स्वयं जवाफदेही हुनुपर्नेछ ।

डीनको कार्यालय
पोखरा